# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल


## झुल खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७८/०९/१५

यस नगरपालिकाको आ.व. २०७८/०७९ को वडा स्तरिय स्वीकृत वार्षिक कार्यक्रमतर्फ झुल वितरण कार्यक्रम संचालन गर्न झुल खरिद तथा दुवानीका लागि रकम विनियोजित भए बमोजिम शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रही तपशिल बमोजिम रितपुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

शर्तहरुः

१ दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको राजस्व उपशाखामा रु. १,०००।००(अक्षेरेपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सूचिमा नहेको स्वघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था, कम्पनी तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका राजश्व उपशाखाबाट शिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात (BID DOCUMENT) खरिद गर्न सकिनेछ ।

२ खरिद भएको शिलबन्दी दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा शिलवन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट सँग लेखी सूचना प्रकाशन भएको १६ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० वजे उपस्थित शिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३ दरभाउ धरौटी वापतको रकम यस नगरपालिका कार्यालयको माछापुच्छ्रे वैक लिमिटेड ढल्केवर शाखामा रहेको धरौटी खाता नं. ११५०००७९५८७१०००४१ मा नगद जम्मा गरी सोको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४ दरभाउ शर्तरहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको शिलबन्दी दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको, प्रचलित कानून बमोजिम तोकिएको आधारहरु पुरा नभएको शिलबन्दी दरभाउपत्र माथि कारवही हुने छैन ।

५ शिलबन्दी दरभाउपत्र फाराम भर्दा स्पष्ट रुपमा भर्नुपर्ने छ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६ शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा सोको भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल


७ शिलबन्दी दरभाउपत्र सम्बन्धि थप जानकारी लिन परेका यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८ शिलबन्दी दरभाउपत्रबाट खरिद गर्न झुल खरिद कार्यक्रमको लागि समाग्रीको न्युनतम मापदण्डको विवरण शिलबन्दी दरभाउपत्र फारम साथ संलग्न हुनेछ।

९ यस सूचनामा नसमेटिएको अन्य थप विषयवस्तुहरुको हकमा सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावाली, २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१० एक फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सको नाममा खरिद भएको शिलबन्दी दरभाउपत्र फारम अर्को फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाईने छैन ।

११ कुनै कारण नजनाई आशिंक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१२ प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा (www.mithilamun.gov.np) मार्फत जानकारी गराईनेछ ।

तपशिलः

| सि.नं. | शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | स्वीकृत रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/ जिन्सी/ ०७८/०७९ | झुल खरिद तथा ढुवानी | १०,००,०००।– (रू. दश लाख मत्र) | २५,०००।– (रू. पच्चीस हजार मात्र) | |

प्रमुख प्रशासकिय अधिकृत
मिथिला नगरपालिका